# प्रेश विज्ञप्ती

## प्राइम कमर्सियल बैंकका शाखाहरुको शुभारम्भ् – धरान, भरतपुर तथा पोखरामा

विभिन्न बैंकर्स, उद्योगी, व्यवशायी,शिक्षाविद एवं व्यवशायिक व्यक्तित्वहरुद्वारा प्रवर्द्धित तथा विभिन्न नविनतम बैङ्किग सेवाहरु प्रदान गर्दै संचालनको पहिलो वर्षमा नै खूद मुनाफा आर्जन गर्न सफल भएको प्राइम कमर्सियल बैंकले आजदेखि धरान, भरतपुर तथा पोखरामा नयां शाखाहरुको शुभारम्भ गरेको छ ।

स्थानीय उद्योगी, व्यवशायी, शिक्षक, समाजसेवी तथा विभिन्न पेशाकर्मीहरुको उपस्थितिमा आज एक समारोह विच बैंकका संचालक श्री श्याम बहादुर श्रेष्ठले धरान शाखा, संचालक श्री उमेश श्रेष्ठले भरतपुर शाखा तथा संचालक श्री उत्तम नारायण श्रेष्ठले पोखरा शाखाको समुदघाटन गर्नु भयो ।

शाखाहरुको शुभारम्भको अवसरमा नेपालकै बैकिंग क्षेत्रमा पहिलो पटक प्रस्तुत गरिएको सुनचाँदी सम्बन्धि “प्राइम गोल्ड सर्टिफिकेट” लगायत स्थानिय ग्राहकहरुको भावनालाई सम्मान गर्दै स्थानीय वासिन्दाहरुलाई सुहाउंदो, लाभदायी हुने खालको स्थानीय विशेष नामाकरण गरिएका वचत योजनाहरु संचालनमा ल्याएको छ । धरान शाखाले “बुढासुब्बा बचत योजना”, भरतपुर शाखाले “नारायणी बचत योजना” र पोखरा शाखाले “विन्ध्यवासिनी बचत योजना” प्रस्तुत गरेको छ । यी वचत योजनाहरुमा वचतकर्ताहरुले ७% सम्म व्याजदर तथा निःशुल्क डेविट कार्ड, ई-बैकिङ्ग , Any Branch Banking एवं SMS Banking जस्ता अत्याधुनिक सेवाहरु प्राप्त हुनेछन् ।

साथै बैंकले स्थानीय निक्षेप कर्ता तथा ग्राहकहरुको सुविधालाई ध्यानमा राखी काठमाण्डौमा पुऱ्याई आएको चुस्त आत्मीय र ग्राहक मुखी सेवालाई स्थानिय स्तर सम्म पुऱ्याई आगामी दिनहरुमा अग्रगामी सेवाहरु पनि संचालनमा ल्याउने कार्यक्रम रहेको छ ।

धन्यवाद ।

२०६५/०७/१८/२

नारायण दास मानन्धर
प्रमुख कार्यकारी अधिकृत